**रुपन्देही जिल्ला शान्ति तथा सामाजिक सद्भाव समितीको पहिलो वैठकका निर्णयहरु (मिति २०८२ पौष २९)**

१. गृह मन्त्रालयको च.नं. ९८७ मिति २०८२/९/२२ को पत्रको निर्देशन सम्बन्धमा बैठकमा आमन्त्रित सम्पुर्ण पदाधिकारीहरुलाइ जानकारी प्राप्त भइ महत्वपुर्ण छलफल भयो । मन्त्रालयको उक्त निर्देशन वमोजिम यस जिल्लामा समेत शान्ति तथा सामाजिक सद्भाव समिती गठन भइ समितीलाइ निरन्तर कृयाशिल वनाउने । समितीका सम्पुर्ण सदस्यहरुले जिल्लामा कहिं कतै धार्मीक सहिष्णुता एवम् सामाजिक सद्भावमा खलल पुग्ने कुनै घटना भएको भए वा संभावित हुन सक्ने देखिएमा समेत सोको जानकारी आफूलाइ प्राप्त हुनासाथ तत्काल स्थानीय प्रहरी तथा प्रशासनमा छिटो माध्यमवाट जानकारी गराउने ।

२. कानुनले निषेध गरेका धार्मीक सहिष्णुता एवम् सामाजिक सद्भावमा खलल पुर्याउने घटनामा संलग्न जो सुकै लाइ कानुनी दायरामा ल्याइ कडा कार्वाही गर्ने विषयमा जिल्लाका सरोकारवाला सबै व्यक्ती संस्था राजनितीक दल तथा निकायहरुले स्थानीय प्रहरी प्रशासनलाइ जो जे सहयोग गर्नुपर्ने हो सो सहयोग गर्ने । सबै राजनितीक दल, सामाजिक तथा धार्मीक क्षेत्रका अगुवाहरुलाइ सद्भावका लागी सार्वजनिक रुपमा आव्हान गर्ने ।

३. जिल्लाका सबै स्थानीय तहहरुमा स्थानीय शान्ति तथा सामाजिक सद्भाव समिती गठन गरि स्थानियस्तरवाट धार्मीक सहिष्णुता एवम् सामाजिक सद्भाव कायम राख्न भएका समन्वयात्मक, प्रवद्धनात्मक एवम् रचनात्मक कृयाकलापहरुको प्रगती जिल्ला समितिमा नियमित रुपमा पठाउन अनुरोध गर्ने ।

४. यस समितीको आगामी वैठक उपयुक्त मिती समय र स्थानमा वस्ने ।